# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०९/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **पिताम्बर सारु** र **रत्नादेवी हमाल** मु.नं (०७८-CR-००८९) फैसला मिति २०८१।०२।१४ | गैरकानुनी लाभ हानि हुने गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• **छायाँनाथ रारा नगरपालिका, मुगुका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी पिताम्बर सारुको हकमाः** प्रतिवादी पिताम्बर सारुले छायाँनाथ रारा नगरपालिका वडा नं. २ स्थित अदालत चोकदेखि प्रशासनसम्मको सडक निर्माणको कार्यमा सब-इन्जिनियर तथा इन्जिनियरले वास्तविक कार्यभन्दा बढी कार्य भएको देखाई तयार पारेको नापी किताबमा सही गरी नापीको विवरणमा सहमति जनाई बिगो रु. २९,७७,८२१।११ (उनन्तिस लाख सतहत्तर हजार आठसय एक्काईस रुपैया एघार पैसा मात्र) सरकारी हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) को कसूर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा विगो असुलउपर गरी छायाँनाथ रारा नगरपालिका, मुगुलाई दिलाई भराई पाउन मागदाबी लिइएको देखिन्छ।<br>• **छायाँनाथ रारा नगरपालिका, मुगुका तत्कालीन इन्जिनियर प्रतिवादी महेश सिंह कठायतको हकमाः** प्रतिवादी महेश सिंह कठायतले छायाँनाथ रारा नगरपालिका वडा नं. २ स्थित अदालत चोकदेखी प्रशासनसम्मको सडक निर्माणको कार्यमा फिल्डमा कम काम भएकोमा बढी काम भएको भनी नापी किताबमा मूल्यांकन गरी झुठ्ठा नापजाँच विवरण चढाई गलत सिफारिस गरी बिगो रु. २९,७७,८२१।११ (उनन्तिस लाख सतहत्तर हजार आठसय एक्काईस रुपैया एघार पैसा मात्र) सरकारी हानी नोक्सानी पुर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) को कसूर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा विगो असुलउपर गरी छायाँनाथ रारा नगरपालिका, मुगुलाई दिलाई भराई पाउन मागदाबी लिइएको देखिन्छ।<br>• **छायाँनाथ रारा नगरपालिका, मुगुका तत्कालीन अ.सब-इन्जिनियर प्रतिवादी हस्त बहादुर मल्लको हकमाः** प्रतिवादी हस्त बहादुर मल्लले छायाँनाथ रारा नगरपालिका वडा नं. २ स्थित अदालत चोकदेखी प्रशासनसम्मको सडक निर्माणको कार्यमा फिल्डमा कम काम भएकोमा बढी काम | **फैसलाः**<br>प्रतिवादीहरुलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी पिताम्बर सारु फिल्डमा खटिने कर्मचारी नभएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थलगत प्राविधिक प्रतिवेदनले जे जस्तो कैफियत देखाएको छ सो प्रकृतिको कैफियत निज प्रतिवादीलाई थाहा जानकारी हुन सक्ने स्थिति समेत नदेखिएको ।<br>• प्रतिवादी रत्नादेवी हमालले अदालतमा बयान गर्दा भुक्तानीका लागि पेश भएका भरपाई र सार्वजनिक परीक्षण प्रतिवेदनमा आफूले हस्ताक्षर नगरेको भनी लिएको जिकिरमा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट परीक्षण गर्दा नमुना दस्तखत ढाँचासँग नमिल्ने भन्ने राय प्राप्त भएको । | • प्रतिवादी पिताम्बर सारुले छायाँनाथ रारा नगरपालिका वडा नं. २ स्थित सडक निर्माणको कार्यमा सबइन्जिनियर हस्तबहादुर मल्ल र इन्जिनियर महेश सिंह कठायतले वास्तविक कार्य भन्दा बढी कार्य भएको देखाई तयार पारेको नापी किताबमा फिल्डमा गए सरहको हैसियतमा सहीछाप गरी प्रमाणित गरेको तथ्य उक्त नापी किताबको विवरणवाट देखिन्छ।सोही नापी किताबमा उल्लेखित विवरणको आधारमा उक्त सडक निर्माण कार्यको अन्तिम विल भुक्तानी समेत निज प्रतिवादी पिताम्वर सारुले गरेको देखिन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा आफू प्राविधिक कर्मचारी नभएकाले सबइन्जियर तथा इन्जिनियरले तयार पारेको नापी किताबमा हस्ताक्षर गरेको भनि इन्कारी व्यहोरा उल्लेक गरेतापनि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले नापी किताव प्रमाणित गर्दा सो किताब अनुसार स्थलगत रुपमा काम भएको छ छैन प्रत्यक्ष अप्रत्यक्ष रुपमा सम्वन्धित वडास्तरमा समेत यथार्थ बुझि, योजनाको अनुगमन समेत गरि अन्तिम विल भुक्तानी गर्नु पर्नेमा गलत नापी कितावलाई सही हो भनि प्रमाणित गरि भुक्तानी गरेको देखिन्छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(३) तथा दफा ८४(२) समेतले प्रमुख प्रशासकीय अधिकृतलाई स्थानीय तहको अन्तिम लेखा उत्तरदायी अधिकृतका रुपमा जिम्मेवार बनाएको देखिँदा सो अनुसारको भुमिका निर्वाह गरि स्थानिय तहमा भएका सडक निर्माण समेत योजनामाहरुमा हुन सक्ने भ्रष्टाचारजन्य कार्यलाई अन्त्य गर्नु पर्नेमा निज प्रतिवादीले बदनियतपुर्ण तरिकाले कानूनले प्रदान गरेको जिम्मेवारी पुरा नगरि गलत नापी कितावलाई प्रमाणित गरि रकम भुक्तानी गरेको देखिदा निज प्रतिवादी पिताम्बर सारुलाइ कसूर ठहर भएका ईन्जिनियर प्रतिवादीहरु महेश सिंह कठायत समेत सरह समान सजाय गर्नु पर्नेमा उक्त तथ्य तथा प्रमाणहरुको अनदेखा गरी निज प्रतिवादीलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• छायाँनाथ रारा नगरपालिका वडा नं. २ स्थित अदालत चोकदेखी प्रशासनसम्मको सडक निर्माण उपभोक्ता समितिको कोषाध्यक्ष प्रतिवादी रत्नादेवी हमालको हकमा हेर्दा, उक्त आयोजनाको खाता संचालन अध्यक्ष र कोषाध्यक्षको नामबाट गरिएको देखिन्छ। आयोजनाको काम समितिले आफैंले गरेको देखिन्छ भने सो कामको प्राविधिक मूल्यांकन अनुसार समितिका अध्यक्ष कोषाध्यक्षले निकासा गरी लेबर मिस्त्री, सिमेन्ट बालुवाको पैसा बुझाएर बचेको रकम निजहरुको जिम्मामा रहेको देखिन्छ। निज प्रतिवादी रत्नादेवी हमालले बयान गर्दा उपभोक्ता समितिको कोषाध्यक्षको पदमा रही सहिछाप गरेको तथ्यलाई स्वीकार गरेको देखिन्छ भने उपभोक्ता समितिको आर्थिक कारोबारको जिम्मेवारी अध्यक्ष र कोषाध्यक्षलाई नै रहेको देखिन्छ। निज प्रतिवादीले आफ्नै वडामा आफै उपभोक्ता समितिको कोषाध्यक्ष भई निर्माण गरेको उक्त आयोजनाको बारेमा केही थाहा जानकारी छैन भन्ने समेत ब्यहोरा उल्लेख गरी इन्कारी बयान गरे तापनि प्रतिवादीहरुको इन्कारी बयान आफैंमा प्रमाण बन्न सक्दैन, त्यसलाई स्वतन्त्र प्रमाणले पुष्टि र समर्थन (Corroborate) गरेको हुनुपर्छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने ओशाद खाँ वि. नेपाल सरकार भएको (**ने.का.प. २०७७, अंक ७, निनं. १०५४१**) मुद्दामा "कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने" भनी प्रतिपादित सिद्धान्त समेतको आधारमा निज प्रतिवादी रत्नादेवी हमालले इन्कारी बयान गर्दैमा आरोपित कसूरबाट उन्मुक्ति पाउने अवस्था देखिँदैन।उक्त छायाँनाथ रारा नगरपालिका, मुगुका तत्कालीन इन्जिनियर प्रतिवादी महेश सिंह कठायतले अनुसन्धानको क्रममा बयान गर्दा उक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भएको भनी नापी किताबमा मूल्यांकन गरी झुठ्ठा नापजाँच विवरण चढाई गलत सिफारिस गरी बिगो रु. २९,७७,८२१।११ (उनन्तिस लाख सतहत्तर हजार आठसय एक्काईस रुपैया एघार पैसा मात्र) सरकारी हानी नोक्सानी पुर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) को कसूर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा विगो असुलउपर गरी छायाँनाथ रारा नगरपालिका, मुगुलाई दिलाई भराई पाउन मागदाबी लिइएको देखिन्छ।<br>• **छायाँनाथ रारा नगरपालिका वडा नं. २ स्थित अदालत चोकदेखी प्रशासनसम्मको सडक निर्माण उपभोक्ता समितिको अध्यक्ष प्रतिवादी राममाया मल्लको हकमाः** प्रतिवादी राममाया मल्लले गैरकानूनी लाभहानी पुर्‍याउने बदनियतले बास्तविक रुपमा भएको कार्य भन्दा बढी मूल्यांकन गराई भुक्तानी माग गरी बिगो रु. २९,७७,८२१।११ ( उनन्तिस लाख सतहत्तर हजार आठसय एकाईस रुपैया एघार पैसा मात्र) सरकारी हानि नोक्सानी पुर्‍याई भष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन तथा बिगो जफत गरी छायाँनाथ रारा नगरपालिका, मुगुलाई दिलाई भराई पाउन मागदाबी लिइएको छ ।<br><br>• **छायाँनाथ रारा नगरपालिका वडा नं. २ स्थित अदालत चोकदेखी प्रशासनसम्मको सडक निर्माण उपभोक्ता समितिको कोषाध्यक्ष प्रतिवादी रत्नादेवी हमालको हकमाः** प्रतिवादी रत्नादेवी हमालले गैरकानूनी लाभहानी पुर्‍याउने बदनियतले बास्तविक रुपमा भएको कार्य भन्दा बढी मुल्यांकन गराई भुक्तानी माग गरी बिगो रु. २९,७७,८२१।११ (उनन्तिस लाख सतहत्तर हजार आठसय एकाईस रुपैया एघार पैसा मात्र) सरकारी हानि नोक्सानी पुर्‍याई भष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन तथा बिगो जफत गरी छायाँनाथ रारा नगरपालिका, मुगुलाई दिलाई/भराई पाउन मागदाबी लिइएको देखिन्छ।<br>**फैसलाहरु**<br>• प्रतिवादीहरु महेश सिंह कठायत र हस्त बहादुर मल्लले | | आयोजनामा डिजाइन इष्टिमेट अनुसार पूर्ण रुपले काम सम्पन्न नभएको तर साईटमा काम गर्ने ओभरसियर तथा असिस्टेन्ट सव ओभरसियरले बिल, नापी किताब निर्माणको क्रममा बढी नै बनाएर ल्याएको अवस्था भएको र उक्त बिल बनाई पछि चेक जाँच गर्छु भन्दा सम्बन्धित उपभोक्ता समितिका पदाधिकारी जनप्रतिनिधिले नै ओभरसियरले बनाएर ल्याई सकेपछि इन्जिनियरले दस्तखत किन गर्दैन भनी दबाव दिएकाले सहीछाप गरेको भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिएको र सोही उपभोक्ता समितिको सचिव सेनापती मल्लले बयान गर्दा समितिका अध्यक्ष कोषाध्यक्षले निकासा गरी लेबर मिस्त्री, सिमेन्ट बालुवाको पैसा बुझाएर बचेको रकम बाँडी खाएको हुन सक्छ। म समितिको सचिव भएको नाताले मैले आर्थिक कारोबारको जिम्मेवारी अध्यक्ष र कोषाध्यक्षलाई दिएको थिएँ भन्ने समेत ब्यहोरा उल्लेख गरी पोल गरेको देखिँदा उक्त आयोजनाको उपभोक्ता समितिका पदाधिकारी कोषाध्यक्ष यि प्रतिवादी रत्नादेवी हमालको समेत संलग्नता रहेको तथ्य स्थापित भएको छ। उक्त आयोजनाको कार्य सम्पन्न भएको भनि नापी किताब, उपभोक्ता विल, कार्यसम्पन्न प्रतिवेदन सहित उपभोक्ता समितिले भुक्तानी माग गरेको तथ्य सो समितिको निवेदनबाट देखिदा उपभोक्ता समितिको कोषाध्यक्षको हैसियतमा रहेकी यी प्रतिवादीको समेत उक्त आयोजनामा घटी काम गरी बढी भुक्तानी लिने कार्यमा मुख्य भूमिका रहेको देखिन्छ। यसरी उपभोक्ता समितिको कोषाध्यक्ष यि प्रतिवादी रत्नादेवी हमालले गैरकानूनी लाभहानि पुर्‍याउने बदनियतले वास्तविक रुपमा भएको कार्य भन्दा बढी मूल्यांकन गराई विभिन्न परिमाणहरुको कार्य नगरी रु. २९,७७,८२१।११ (उनन्तिस लाख सतहत्तर हजार आठसय एक्काईस रुपैया एघार पैसा मात्र) बढी भुक्तानी माग गरी लिई सरकारी हानि नोक्सानी पुर्‍याई भ्रष्टाचारजन्य कसूर गरेको तथ्य प्रमाणित भई रहेको अवस्था देखिँदादेखिँदै उक्त तथ्य र प्रमाणको मुल्यांकन विश्लेषण नगरि उपभोक्ता समितिको जिम्मेवार भुक्तानी लिने पदाधिकारी प्रतिवादी रत्नादेवी हमाललाई सफाइ दिने ठहर गरि भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• प्रस्तुत मुद्दामा छायाँनाथ रारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मुगु र उपभोक्ता समिति बिच अदालत चोकदेखी प्रशासनसम्मको सडक निर्माण निर्माणकार्यका लागि कुल लागत अनुमान रु. ९०,६२,६३९।६६ मध्ये नगरपालिकाले रु. ७५,००,०००।— तथा उपभोक्ता समितिले रु. १५,६२,६३९।६६ व्यहोर्ने र मिति २०७५।०२।१५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७४।१२।२१ गते योजना सम्झौता गरेको देखिन्छ। मिति २०७४।१२।२१ को गोश्वारा भौचर नं ३२६ मार्फत उक्त कार्यको लागि पेश्की स्वरुप रकम रु. ३५,६२,५०० ।- (पैतिस लाख बैसठी हजार पाँच सय मात्र) भुक्तानी दिएको देखिन्छ भने छायाँनाथ रारा नगरपालिकाबाट प्राप्त नापी किताब, फाइनल बिल तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार कुल रकम रु. ७८,९५,३९१।—(अठहत्तर लाख पन्चानब्बे हजार तीन सय एकानब्बे रुपैया मात्र) बराबरको निर्माण कार्य भएको देखिन्छ। मिति २०७५।४।२८ को गोश्वारा भौचर नं ८३ मार्फत जनश्रमदान र पेश्की रकम  काटी/फर्छ्यौट गरी रकम रु २६,११,६६५।—(छब्बिस लाख एघार हजार छ सय पैसठी रुपैया मात्र) उपभोक्ता समितिको नाममा भुक्तानी दिने गरी जम्मा रकम रु. ६२,००,०००।—(बैसठी लाख मात्र) फरफारक गरेको देखिन्छ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय, मुगु (४०६) को मिति २०७८।१२।०६ को पत्र साथ प्राप्त कागजात अनुसार छायाँनाथ रारा नगरपालिका, नगर कार्यपालिकको कार्यालय, गमगढी, मुगुको सिफारिसमा वडा नं २ अदालत देखि हाइवे आर.सि.सि. निर्माण योजनाको अध्यक्ष राममाया मल्ल र कोषाध्यक्ष रत्नादेवी हमालको नामबाट संयुक्त रुपमा खाता खोली क्रमशः रकम रू. ३५,६२,५००।- र रू. २६,११,६६५।- अध्यक्ष र कोषाध्यक्षको हस्ताक्षरबाट रकम झिकिएको देखिँदा भ्रष्टाचारजन्य कार्यमा यी प्रतिवादी रत्नादेवी हमालको समेत संलग्नता रहेको तथ्य स्थापित भएको देखिन्छ । उक्त आयोजनाको वारेमा उजुरी परे पश्चात अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतका सब-ईन्जिनियर रेशम बहादुर वलीले मिति २०७८।१०।०५ मा पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन र सोसाथ संलग्न Quantity |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ग) र (ङ) को कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८(१) बमोजिम दामासाहीले हुने बिगो बमोजिम जनही रु.९,९२,६०७।— (नौ लाख बयानब्बे हजार छ सय सात रुपैयाँ) जरिवाना र चार महिना कैद भई निज प्रतिवादीहरुबाट दामासाहीले बिगो असुल उपर हुने ।<br>• प्रतिवादी राममाया मल्लले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा ८(४) बमोजिम दामासाहीले हुने बिगो बमोजिम जनही रु.९,९२,६०७।— (नौ लाख बयानब्बे हजार छ सय सात रुपैयाँ) जरिवाना भई सोही बिगो बराबरको रकम निजबाट असुल उपर हुने ।<br>• अन्य प्रतिवादीहरु पिताम्बर सारु र रत्नादेवी हमालले आरोप दावीबाट सफाई पाउने । | | and Cost Calculation Sheet मा कुल रकम रू. ३८,९३,४०१।२७ (अठतीस लाख त्रियानब्बे हजार चार सय एक रुपैया सत्ताइस पैसा मात्र) को मात्र काम फिल्डमा भएको अर्थात संझौता बमोजिमको बिभिन्न परिमाणहरुको कार्य नगरी रु. ४०,०१,९८९।७३ (७८,९५,३९१-३८,९३,४०१।२७ = ४०,०१,९८९।७३ ) बढी भुक्तानी भएको उल्लेख भएको देखिन्छ। यसरी आयोगको कार्यालयबाट भएको कार्यको मूल्याङ्कन रकम रू.३८,९३,४०१।२७ मध्ये नगरपालिकाले व्यहोर्ने पर्ने हिस्सा रु. ३२,२२,१७८।८९ (३८,९३,४०१।२७*८२.७६/१०० = ३२,२२,१७८।८९) (बत्तीस लाख बाईस हजार एक सय अठहत्तर रुपैया उनानब्बे पैसा मात्र) हुनुपर्ने देखिन्छ। तसर्थ उपभोक्ता समितिलाई भएको कुल भुक्तानी रु. ६२,००,०००।—(बैसठ्ठी लाख मात्र) बाट नगरपालिकाको हिस्सा रु. ३२,२२,१७८।८९ (बत्तीस लाख बाईस हजार एक सय अठहत्तर रुपैया उनानब्बे पैसा मात्र) घटाउँदा कायम हुन आउने रकम रु. २९,७७,८२१।११ (उनान्तिस लाख सतहत्तर हजार आठसय एकाईस रुपैया एघार पैसा मात्र) बढी भुक्तानी भई भ्रष्टाचार भएको देखिएको र स्थलगत नापजाँच गरी प्राविधिक प्रतिवेदन पेश गर्ने साक्षी सबइन्जिनियर रेशम बहादुर वलीले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट निजको प्रतिवेदन समर्थित भएकोले यसरी Cross Examination बाट पुष्टि भएको प्रमाणलाई Legally admissible evidence को रुपमा लिई Direct evidence सरह प्रमाणमा लिनुपर्नेमा सो प्रमाणको वेवास्ता गरी प्रतिवादीहरु पिताम्वर सारु र रत्नादेवी हमाललाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।<br>• अतः उपरोक्त उल्लिखित मिसिल संलग्न उजुरी निवेदन, छायाँनाथ रारा नगरपालिका, मुगुबाट प्राप्त प्रमाण कागजातहरु, आयोगको कार्यालय सुर्खेतका सब-ईन्जिनियर रेशम बहादुर वलीको प्राविधिक फिल्ड प्रतिवेदन, स्थलगत मुचुल्का, योजना संझौताका शर्त, कार्यदिश, प्रतिवादीहरुको बयान, नापी किताब, भुक्तानी भएका बिल भर्पाईहरुको विवरण समेतका प्रमाण कागजहरुको आधारमा यी प्रतिवादीहरु पिताम्बर सारु र रत्नादेवी हमाललाई समेत आरोप मागदाबी बमोजिम सजाय गर्नु पर्नेमा उक्त प्रमाणहरुको शुक्ष्म अध्ययन नगरि आरोपित कसूरवाट सफाई दिने ठहर गरि विशेष अदालत काठमाण्डौवाट भएको फैसला सो हद सम्म बदर गरि निज प्रतिवादीहरु पिताम्बर सारु र रत्नादेवी हमाललाई समेत आरोप दावी बमोजिम सजाय गरि पाउन सम्मानित अदालत समक्ष अनुरोध गरिन्छ । |